"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No):
चलानी नं. (Reg. No):

मितिः २०७८/०५/०१

## आर्थिक वर्ष २०७८/७९को कर छुट सम्बन्धी सूचना ।

यस महालक्ष्मी नगरपालिका, ललितपुरले आर्थिक वर्ष २०७८/७९ मा व्यवसाय दर्ता एवम् नवीकरण दस्तुर तथा करहरुमा देहाय बमोजिम छुटको व्यवस्था गरेको हुँदा तोकिएको समय भित्र व्यवसाय दर्ता, नवीकरण गर्न एवम् नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने कर बुझाई छुट सुविधाको लाभ लिनुहुनुको साथै समग्र नगर विकास र समृद्धिमा योगदान गर्न सम्बन्धित सबैमा नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

### छुट सुविधाहरुः

१) हाल सम्म नगरपालिकामा व्यवसाय दर्ता नगरेका व्यवसायीहरुले २०७८ असोज मसान्तभित्र दर्ता गर्न आएमा हाल सम्मको लाग्ने राजस्व रकममा पच्चीस प्रतिशत र २०७८ कार्तिक देखि पौष मसान्तभित्र दर्ता गर्न आएमा राजस्व रकमको दश प्रतिशत छुट दिई व्यवसाय दर्ता गरिनेछ ।

२) नियमित कर बुझाइरहनु भएका व्यवसायीहरुले चालु आ. व. २०७८/७९ को कर आ. व. शुरु भएको पहिलो तीन महिना ( असोज मसान्त ) भित्र बुझाउन आएमा कर रकमको दश प्रतिशत र त्यसपछिको अर्को तीन महिना ( पौष मसान्त ) भित्र कर बुझाउन आएमा कर रकमको पाँच प्रतिशत छुट दिइनेछ ।

३) परम्परागत घरेलु उद्योगहरु ढाका, सुकुल र भाँडाकुँडाको व्यवसायमा वार्षिक करमा पच्चीस प्रतिशत छुट दिइनेछ ।

४) महिला, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्ति लगायत लक्षित वर्गका व्यक्तिहरुलाई व्यवसाय दर्ता शुल्क तथा वार्षिक करमा पचास प्रतिशत छुट दिइनेछ ।

५) गत आर्थिक वर्षको कर बुझाउन बाँकी रहेका करदाताले यही २०७८ भाद्र मसान्त सम्म बक्यौता कर बुझाउन आएमा नियमानुसार लाग्ने जरिवाना बापतको रकम छुट दिइनेछ ।

पुरुषोत्तम थापकोटा
प्रमुख प्रशासकीय अधिकृत